शिवनाथ गाउँपालिका
SHIVANATH RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**
शिवनाथ, बैतडी
**Shivanath, Baitadi**

Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०८०/०८१
चलानी नं. (Dispatch. No) :- १४४

## आ.व. २०८०/०८१ मा विज्ञापन संस्था / एजेन्सी / फर्म / कम्पनीहरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०४/२२)

यस गाउँपालिकालाई आ.व. २०८०/०८१ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका पत्र पत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्नका लागि इच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी, फर्म / कम्पनी / संस्थाहरुले रितपूर्वकको आफूले पत्रिका अनुसार दिन सक्ने छुट सहितको दररेट यसै सूचनासाथ संलग्न विवरणहरु भरी संस्था / एजेन्सी /कम्पनी / फर्मसँग सम्बन्धित व्यक्तिले कार्यालयमा उपस्थित भई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा तपसिलको कागजपत्रहरु सहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

- संस्था / एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र,
- अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र,
- मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र,
- स्थायी लेखा नम्वर प्रमाणित प्रमाणपत्र,
- आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र,
- विज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएको प्रतिलिपि,
- निवेदन

(नोटः सबैभन्दा बढी छुट दिने एजेन्सी वा संस्थालाई छनौट गरिने छ ।)

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
सूचना प्रविधि शाखा — वेवसाईटमा अपलोड गरिदिनहुन ।

शिवनाथ गाउँपालिका, बैतडी

त्यस कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रही पत्रपत्रिकाहरुमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेको छु / छौं ।

फर्म / कम्पनीको नामः

ठेगानाः

फर्म / कम्पनीको तर्फबाट अख्तियारवालाको दस्तखतः

दस्तख (संचालक, प्रोप्रायटर वा संस्थाले अख्तियारी दिइएको व्यक्ती)

पुरा नामः

मितिः

फोन नं.

फर्मको छापः

मोबाइल नं.

## खण्ड क

## सामान्य जानकारी तथा शर्तहरु

१. प्रस्ताव पेश गर्ने प्रस्तावदातालाई निर्देशनः

- प्रस्तावदाताले प्रस्तावको बाहिरीपट्टी शिरमा "शिवनाथ गाउँपालिकाको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव" भन्ने लेखी श्री प्रमुख प्रशासकीय अधिकृत शिवनाथ गाउँपालिका, शिवनाथ, बैतडीलाई सम्बोधन गरेको हुनु गर्नेछ ।
- प्रस्तावदाताले छुट दिन प्रस्ताव गरेको प्रतिशत अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । सो लेख्दा भरसक नविगारिकन स्पष्ट बुझ्ने गरी लेख्नु पर्नेछ सो स्पष्ट उल्लेख नभएमा प्रस्तावलाई मान्यता दिइने छैन ।
- प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्तावसहित तोकिएका पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेट समेत पेश गर्नु पर्नेछ ।
- पेश भएका सम्पूर्ण कागजातहरुमा प्रस्तावदाताले रितपूर्वक दस्तखत गरी आफ्नो फर्म / कम्पनीको छाप लगाउनु पर्नेछ ।
- प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकार गर्ने / नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहने छ ।
- रित नपुगेको र तोकिएका कागजातहरु संलग्न भई नआएका प्रस्तावहरु रद्द गरिनेछ ।
- प्रस्ताव सम्बन्धी कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क राख्न सकिन्छ ।

२. प्रस्तावदाताले कार्य सम्पादनका सिलसिलामा पालन गर्नु पर्ने कार्यक्षेत्रगत शर्तहरुः-

- कबोल छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारिक रुपमा प्रकाशित गरेको दररेट लागु हुनेछ । सम्वन्धित पत्रपत्रिकाले प्रकाशित दररेटमा कुनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यथासम्भव छिटो यस कार्यालयलाई जानकारी गरनुपर्नेछ ।
- सम्वन्धित पत्रपत्रिकाले सूचना प्रकाशित गर्ने सम्बन्धमा कुनै किसिमको विशेष योजना (छुट) ल्याएमा सो बमोजिमको छुट यस कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।
- प्रकाशित गर्नुपर्ने सूचना यस कार्यालयले दिएको लिखित आदेश बमोजिम तोकिएको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नुपर्नेछ ।
- सामान्यतया सूचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिन अगावै तथा समयमै लिखित आदेश र सूचना उपलब्ध गराइनेछ तर आकस्मिक रुपमा सूचना प्रकाशन गर्नु पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भोलिपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- स्वीकृत प्रस्तावदाताले प्रकाशित गर्नुपर्ने सूचना यस कार्यालयले तोकेको ठाउँमा गई संकलन गर्नुपर्ने छ ।
- स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो वापतको बिल यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
- स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनै पनि बखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ ।

३. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नुपर्नेछः-

- प्रस्तावदाताले यस कार्यालयको सूचना प्रकाशन कार्य गर्न गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोष्ट, नेपाल समाचार पत्र, नयाँ पत्रिका, राष्ट्रिय अभियान, The Rising Nepal, The Kathmandu Post, Republic, The hemalayan Times लगायत अन्य पत्रपत्रिकाको लागि अधिकारिक रुपमा एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
- प्रस्तावदाताले उपरोक्तनुसारको पत्रपत्रिकाको विज्ञापनको साइज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४. मूल्याङ्कन सम्बन्धी व्यवस्थाः-

- प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- तोकिएका प्रत्येक पत्रपत्रिकाको लागि छुट्टाछट्टै रुपमा मूल्याङ्कन गरिनेछ ।
- तोकिएको बमोजिमका कागजहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनुरुप कार्य गर्न ईच्छुक प्रस्तावदाताहरुमध्ये सबै भन्दा बढी छुटको प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

५. भुक्तानी सम्बन्धी व्यवस्थाः

- स्वीकृत प्रस्तावदाताबाट कार्य सम्पन्न पश्चात पेश हुन आएको विलको भुक्तानी EFT System बाट गरिनेछ ।
- प्रस्ताव सम्बन्धी फाराम उल्लेखित कबोल छुट प्रतिशत आ.व. २०८०/०८१ का लगि मान्य हुनेछ ।

६. विविध व्यवस्थः-

- प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर प्रस्तावदता स्वयंले व्यहोर्नु पर्नेछ ।
- प्रस्ताव सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम हुनेछ ।

## खण्ड ख

## आर्थिक प्रस्ताव

| क.स. | राष्ट्रिय पत्रिकाको नाम | दररेट (प्रति सिसि) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोटः-

१. छुट प्रतिशन सम्बन्धित पत्रपत्रिकाको आधिकारिक रुपमा दररेट लागु हुनेछ ।

२. छुट प्रतिशत यसै आ.व. २०८०/०८१ सम्मका लागि हुनेछ ।

३. आधिकारिक रुपमा प्रकाशित दररेटमा उल्लेखित कबोल छुट रकम घटाएपछि आउने रकम मूल्य अधिबृद्धि कर लाग्नेछ ।

प्रस्तावकको नामः

हस्ताक्षरः

मितिः

फर्मको छापः